# प्रदेश सभा

## गण्डकी प्रदेश

## दोस्रो अधिवेशन

## (एकतिसौं बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण

मितिः- २०७५/०४/०४, दिनको ३.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेश को दोस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ३ बजेर १४ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अबको बैठकको कारवाही प्रारम्भ हुन्छ ।
सर्वप्रथम शुन्य समयको कार्यक्रम प्रारम्भ हुन्छ।
शुन्य समयमा वोल्न चाहनुहुने माननीयहरुको लागि १ मिनेटको समय निर्धारण राखिएको छु ।निर्धारण समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।
माननीय सदस्यहरु आजको वैठक प्रारम्भ हुन्छ।सर्वप्रथम शुन्य समयको कार्यक्रम प्रारम्भ हुन्छ शुन्य समयमा बोल्न चाहनु हुने माननीयहरुको लागि १ मिनेटको समय निर्धारण राखिएको छ।निर्धारण समयभित्र माननीय सदस्यहरुको आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।

**माननीय भागवत प्रकास मल्ल**

माननीय सभामुख महोदय, राजमार्ग विकासको आधार हो।राजमार्ग समय अनुसार स्तरउन्नति र मर्मत गर्नु पर्ने जरुरी छ।तर गण्डकी प्रदेश र ५ नं प्रदेश अन्तरर्गत पोखरा सुनौली जोडने विकासको मेरुदण्डको रुपमा लिएको सिद्धार्थ राजमार्ग रामनदीधाममा स्थित कालीगण्डकीमा वनेको पक्की पुल जिर्ण छ। सो पुलवाट ६ चक्के सानो गाडी मात्र गुडन दिईन्छ।सो गाडी ठुलो चल्न पाउँदैन तसर्थ सामान धुवानीमा वदी मुल्यतिर्न वाध्य छ।पुलको पुन निर्माण र राजमार्ग मर्मत गर्नु पर्ने विषय यर सदनमा उठाउँदा सरकारले रिपोर्टटिङ गर्ने तर कार्यान्वयन गर्ने गराउने चलन रहेकोले सभामुख मार्फत राजमार्ग मर्मत र पक्की पुलको निर्माण गराउन पुन सम्वन्धित निकाय र प्रदेश सरकारलाई समक्ष म ध्यान दिन आग्रह गर्दछु। जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु शुन्य समयमा वोल्ने माननीय सदस्यहरुको यही समाप्त हुन्छ।

माननीय सदस्यहरु अव विषेश समयको मार्यादाक्रम प्रारम्भ हुन्छ।निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरु, अबको बैठकको कारबाही प्रारम्भ हुन्छ।सर्वप्रथम म माननीय आन्तरिक मामिला कानुन मन्त्री श्री हरि वहादुर चुमानलाई मिती २०७५/०४/०४ गते सभामा प्रस्तुत गर्नु भएको प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल साउन ३ गते प्रस्तुत भएको प्रदेश सभा सचिवालयमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) बमोजिम विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु।धन्यवाद ।

अब माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि वहादुर चुमानले मिति २०७५ साउन ४ गते सभामा प्रस्तुत गर्नु भएको प्रदेश सभा सचिवालय व्यवस्था गर्न बनेको विधेक माथि सामान्य छलफल प्रारम्भ हुन्छ।माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।सम्पूर्ण माननीय सदस्यहरुलाई छलफल विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु।

सम्पूर्ण माननीय सदस्यहरुलाई छलफल को लागि ५ मिनेट समय निर्धारण गरेको छु।निर्धारण समयभित्र आ-आफ्नो भनाई राख्न अनुरोध गर्दछु।

## माननीय सभामुख

सर्वप्रथम माननीय श्री पुष्पा के. सी. भण्डारी समय दिन्छु।

## माननीय श्री पुष्पा के सी भण्डारी

माननीय सभामुख महोदय, माननीय आन्तरिक तथा कानून मन्त्री श्री हरि वहादुर चुमानले प्रस्तुत गर्नु भएको प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्वन्धमा छलफल गर्नु पर्दा यो विधेयक भित्र मुख्य तिनवटा कुराहरु रहेको पाएको छु।यसमा एउटा त सचिवालय अर्को त समिति र अर्को सचिवालय अत्यन्त महत्वपूर्ण रहेको छ।यो सचिवालय र यो विधेयक नभएको अवस्थामा यहाँ काम कारवाही गर्न नै सहज हुने जस्तो देखिएको छैन।त्यसैले पनि यो विधेयक आई राखेको छ र यो सचिवालयले गर्ने पर्ने विभिन्न कामहरु जस्तो कि प्रदेश सभा र प्रदेश सभाका समितिलाई विधेयक कार्यमा सहयोग गर्ने प्रदेश सभाका काम कारवाही लाई नियमित र प्रभावकारी बनाउने र व्यवस्थित बनाउने यसका आर्थिक, भौतिक, प्रशासनिक व्यवस्थाहरु मिलाउने साथै आवश्यक सेवा सुविधाहरु उपलब्ध गराउने निर्माणहरु प्रदेश र सभा समितिका निर्माणहरुलाई कार्यान्वयन गराउने सम्बन्धमा आवश्यक कार्य गर्ने देखि लिएर सभाको सुचना प्रणालीलाई प्रभावकारी बनाउने सभा सदस्य अध्ययन शाखा अनुसन्धान सम्बन्धी कार्यहरु गर्ने प्रदेश सभा परिसरको सुरक्षा व्यवस्था गर्ने जस्ता महत्वपूर्ण कार्य गर्नु पर्ने यस समितिले सचिवालयको रहेको छ र त्यस्तै गरि यहाँ समिति छ। त्यो समितिले यहाँ माथि भनिएका काम कारवाही गर्नु पर्ने। यसलाई व्यवहारिक रुपमा लगाउनु पर्ने रहेको देखिन्छ र समितिमा त सभामुख महोदय उपसभामुख महोदयको साथमा कर्मचारी र सचिवहरुको उपस्थिति रहेको छ र वहाँहरुले यहि माथि भएका कामकारवाहीलाई यहाँ अघि उल्लेख गरेका कुराहरुलाई व्यवहारमा ल्याउन पर्नेछ र यो प्रभावकारी हुन सकेमा यो सचिवालय प्रभावकारी हुन सकेमात्र यो प्रदेश सभा प्रभावकारी हुने रहेछ र यहाँ भएका समितिहरु पनि प्रभावकारी हुने रहेछ र त्यसलाई प्रभावकारी वनाउन र जो जति पनि यहाँ हाम्रा अहिले भैराखेको छ भने अहिले यहाँ छलफलको लागि प्रस्तुत छ र यो विधायन समितिमा जाने वाला छ।तर त्यो नहुँदा पनि यहाँ कामहरु भैराखेका छन सचिवालयले काम गरेको छ समिति पनि छ र सचिव ज्यू पनि हुनुहुन्छ।उहाँ सबैले आफ्ना-आफ्ना तरिकाले काम गरि राख्नु भएको छ। तर त्यसलाई अज विधिवत रुपमा अगाडी ल्याउनको लागि यो विधेयक अत्यन्त महत्वपूर्ण रहेको छ।यहाँ कतिपय काम कारवाहीहरु गर्न असहजै भएको थियो होला। त्यसैले कति कामहरु भन्ने होला अहिले भर्खर पानी वाहिर लगेको देखियो सहिद त्यस माथि केहि कठिनाईहरु थिए होलानि विचारा त्यहा उसमा मिनरल वाटरको त्यो जारमा पानी भर्दै गर्नुभएको कर्मचारीहरुले देखिएको थियो।त्यसमा केही कठिनाईहरु भएर त्यसरी गर्न पऱ्यो होला तर अव विधेक आईसकेपछी यहाँ वस्नु पर्ने भौतिक निर्माणका कामहरु के-के छन नपुगेको त धैरै छन चिजहरु हामीहरु सबैको लागि यहाँ पिजन हल त यस्तो सानो पिजन हल छ।भन्दै मैले आफ्नो भनाईलाई यही विषय राखेर मेरो विषय वस्तु पहिले नै सकेको थिए।मैले २ मिनेट समय मागेको थिए।

## माननीय सभामुख

माननीय श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छ।

## माननीय श्री मेखलाल श्रेष्ठ

समामुख महोदय, आज हामी यो प्रदेश सभा सचिवालयमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियवाली नियम १०६ वमोजिम प्रदेशसभा समक्ष प्रस्तुत गर्दछु भन्ने जुन आन्तरिक मामिला मन्त्रीले प्रस्तुत गर्नु भएको छ।त्यहि विषयमा छलफलमा हामी सहभागी भएका छौ मलाई लाग्छ सभामुख महोदय, म भन्दा अगाडी जुन कुरा माननीय ज्यूले उठाउनु भएको छ।त्यहि कुरा सान्दर्भिक हुन र महत्वपूर्ण पनि छन । तर विधेयकमा त्यहि कुराहरु समेटीएको भए त्यहि कुरालाई गर्न खोजिएको भए राम्रै हुन्छ भन्ने मलाई लाग्छ। त्यो विधेयकको विषयमा के भन्न चाहन्छ भने यो विधेयक ल्याउन जरुरी छ त्यो विधेयक नहुँदा हाम्रो संसद सचिवालयमा काम गर्ने कर्मचारी र पदाअधिकारी महानुभावहरुलाई काम गर्न अप्ठेरो हुन सक्छ र आउनु पनि पर्छ आउँदै गर्दा त्यसको महत्वपूर्ण पाटो छ।त्यो विधेयक पारदार्शिताको लागि जुन हाम्रो यो गण्डकी प्रदेशमा भई आएको प्रचलन अनुसार केही कतै यहाँको संस्कारलाई छुट्याउन खोजियो कि त्यो संस्कारलाई अगाडी बढाउन छुटेको हो कि भन्ने म र मेरो पार्टिलाई लागेको छ। त्यसमा मलाई लाग्छ आन्तरिक मामिला मन्त्री ज्यूले त्यो कुरा धेरै बुझिसक्नु भएको छ। यसलाई महत्व रुपमा लिएर त्यसलाई सुधारेर त्यो विधेयकलाई अगाडी बढाउन हुन्छ भन्ने हाम्रो पूर्ण विश्वास छ हामीले यो ४.नं. प्रदेश विकास गराउनको लागि स्थायी गर्नको लागि जनताको इच्छा र आकाक्षाँ पुरा गर्नको लागि जसरी सत्तापक्ष र विपक्ष मिलेर गएको छौ। यसरी नै यो विधेयकबाट यो संसद सचिवालय पनि कुनै पनि कारणले संसद सचिवालयले कसैलाई काखा, कसैलाई पाखा र अन्याय गरे त्यो भन्ने अनुभूति नजनाउनको लागि यस सभामा उपस्थित सबै पार्टिका प्रतिनिधिहरु यस संसद सचिवालयमा त्यो कार्यविधिमा अटाएर ल्यायो भने, न त्यसको प्रमुखलाई, न सहयोगी कर्मचारीलाई, कसैले औंला ठड्याउन सक्ने छैनन्। त्यही कुरा हाम्रो यो गण्डकी प्रदेशले आज एउटा विकास गर्दै आएको छ। त्यसैलाई यो विधेयकमा पनि केही कुरा छुटेका छन् भने त्यसलाई सुधारेर अगाडी बढियोस् र यो हाम्रो गण्डकी प्रदेश एउटा उद्हारणीय प्रदेश बनेको छ। फेरि पनि अझै उदहारणीय प्रदेश वनेर आज हामीले गुण एउटा सदासयता देखिएका छौं त्यो सदासयता सधै अनव्रहत रुपमा देखाउन पाइयोस् र यही सदासयता अरु ६ वटा प्रदेशले पनि अवलम्वन गर्न सक्ने दाता वान पक्कै पनि बन्छ भन्ने विश्वासका साथ मेरो केही शब्दहरु यहीं टुग्याउछु।धन्यवाद । जयनेपाल ।

**माननीय सभामुख**

माननीय श्री हरिशरण आचार्यलाई छलफलमा भागलिन समय दिन्छु।

**माननीय श्री हरिशरण आचार्य**

माननीय समामुख ज्यू मैले प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकको विषयमा धेरै कुरा राख्नु छैन। यो विधेयक सरकारले शायद आवश्यक ठानेर यो प्रदेश सभा सचिवालयलाई व्यवस्थित गर्ने योजनाका साथ ल्याएको हो।नियम पुरा साझा बुझाई बनेकै छ।तर एउटा विषय वस्तु के हो भन्ने त्यो भित्र मैले अपुग भएको विषय बस्तु जो हामीले विगतमा एउटा सचिवालय व्यवस्थापन गर्ने भनेर सबै दलहरुको तर्फबाट प्रतिनिधित्व गराउदै एउटा टिमको बिचवाट धेरै कुराहरु समस्या हल हुदै पनि आएका छन।त्यसलाई साघुराएर अहिले चार सदस्यको एउटा टिम बनाउने गरेर जुन समितिको एउटा प्रावधान वनाउने गरी ऐन आउन खोजिराखेको छ।यो अलि साँघुरो भयो यसलाई झन फराकिलो अझ व्यवस्थित सबै अलि उदारताले लै जानु पर्ने ठाउँमा यसको सुन्दरताको एउटा पक्ष खोसिएको छ।त्यसकारण यसको सुन्दरताको पक्षलाई नकटाईयोस् सुन्दरताको पक्ष अझ प्रयत्न गर्न तिर सरकार लागोस् यो विधेयकमा त्यो विषय वस्तुहरुलाई हामीले ल्याउने छौं ।यो आशा प्रतिबद्धताका साथ म आफ्नो भनाई टुग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

अब माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री छलफलमा उठेको प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

**आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय हरि बहादुर चुमान**

प्रदेशका सभामुख, उपभामुख, सचिव र प्रदेश सभाका सचिव अधिकृत स्तरको कर्मचारी सचिवको भुमिका निर्वाह गर्नको निम्ति त्यो व्यवस्था गर्ने अध्ययन, यो सचिवालयको एउटा सचिवालयको रुपले व्यवस्थित गर्नु पर्छ। यो कानुन निर्माण गर्नको मुख्य आधार यसको सचिव अझ सचिव मुख्य बन्छ यो कानुनलाई हामी कानुनलाई वुझ्दा अर्थात यो कानुनलाई विधेयकका लागि सदनमा प्रस्तुत गरी राख्दाखेरी हामी सबैको ध्यान सचिवमा पुग्छ।केन्द्रीत हुन यस सन्दर्भमा यो विधेयक वहसकै विचबाट यहाँ आको छ।माननीय सभामुख मार्फत सदनलाई जानकारी गराउन चाहन्छु कि यो बहसकै विचबाट आएको छ। हामी एक खालको वहस हुँदै यो विधेयक यहाँ ल्याई पुऱ्याएका छौं।पहिलो कुरा हामीले के वहस गऱ्यौ हिजोको दिनमा भन्दा हाम्रो प्रदेश सभाको सचिव र प्रदेश सभा माथि हस्तक्षेप नहोस् यो समानतहको भयो भन्ने प्रदेश सरकारबाट प्रदेश सभा माथि हस्तक्षेप नहोस् किन त भन्दा सचिवालयलाई व्यवस्थित गरेर मात्रै सुचारु गर्न सकिन्छ।माननीय सदस्यहरुबाट यहाँ आइसकेको छ कि यो प्रदेश सभा सचिवालय संघमा अलिबढि सदस्यहरु सात सदस्य हुने गरेको र यहाँ प्रतिपक्ष दललाई नछुटाएको अव यस्तो सचिवालय बन्ने गर्छ। अव यहाँ पनि त्यही अनुसार बनोस् भन्ने सुझाव पनि यहाँ प्राप्त भई सकेको छ। यस वारेमा हामी सबैले वुझै प्रतिनिधि सभाको अर्थात संघीय सभाको संघीय प्रतिनिधि सभाको एकचोटि बुझैं हामीले यसलाई परिमार्जन गर्न नसकिने कुरा छैन।एउटा कुरो अर्को कुरा पनि स्मरण गराउन चाहे एउटा यसै वहस हुन्छ। मैले अघि राखिसके की संघमा के हुने रहेछ त भन्दा त्यहाँ को अहिले महासचिवको व्यवस्था छ। यो महासचिव, नेपाल सरकारको प्रमुख सचिव सरह हुन्छ। प्रोट्रोकलमा नेपाल सरकारको सचिव माथि हुने महासचिव तल हुने तर सेवा सुविधाको हिसावले समान हुने हुँदो रहेछ। हामीले यो बारेमा पनि अलि चासो लियौं र यस सन्दर्भमा सुरुमा हाम्रो चासो के थियो भन्दाखेरि महासचिव सचिव हुन्छ भन्ने कुरा थियो पछी फेरि त्यहाँ खबर राष्ट्रिय सभामा पनि सचिव हुन्छ प्रतिनिधि सभा सभामा पनि सचिव हुन्छन हुदैनन् सदन एक साथ बस्नु पर्ने हुनाले त्यहाँ २ वटा राष्ट्रिय सभामा पनि सचिव हुन्छ। प्रतिनिधिसभा सभामा पनि सचिव हुन्छन् । दुईटै सदन एक साथ बस्नु पर्ने हुनाले त्यहाँ सचिवलाई महासचिव भनियो र महासचिव र नेपाल सरकारको प्रमुख सचिव सेवा सुविधा समान वहत्तर घण्टा भित्र आफूले पेश गर्न चाहेको संसोधन सहितको सुचना प्रदेश सभामा पेश गर्न सक्नु हुनेछ। मैले यसको पुष्टि गर्नेलाई यो किन आयोग यस्तो हुदा हुदै किन आयो त हाम्रो यातव सदनात्मक हो।

## माननीय सभामुख

माननीय सदस्यहरु, अव माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि वहादुर चुमानलाई मिति २०७५/४/४ गते सभामा पेश भई सामान्य छलफल समेत भएको प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्ने वनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्ने अनुमति दिइन्छ।

## माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि वहादुर चुमान

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७५ साल सावन ४ गते प्रस्तुत भएको मिति २०७५ साउन ४ गते सभामा विचार गरियोस् भनि सामान्य छलफल भएको प्रदेश सभा सचिवालय सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) वमोजिम दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाईयोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला।

यसको पक्षमा हुने माननीय सदस्यहरुले **हुन्छ** भन्नु होस्।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **हुन्न** भन्नु होस्।

**हुन्न** भन्ने आवाज सुनिएन तसर्थ प्रदेश सभा सचिवालय विधेयक दफावार छलफलका लागि विधायन समितिमा पठाइनु भएको प्रस्तावलाई सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु।

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल श्रावन १३ गते दिउसो १ बजे सम्मको लागि स्थगित हुन्छ।**